# नेपाली समाचार

जापानबाट प्रकाशित पहिलो नेपाली पत्रिका 日本初ネパール語の新聞 First Nepalese Newspaper in Japan








वर्ष १९, अंक ०३, २०८२ पुष ०१-१५

Vol. 19, No. 03, December 16-31, 2025


## आप्रवासीलाई कस्दै जापान

### पीआर लिन भाषा परीक्षा अनिवार्यदेखि कर नतिरे भिसा खारेजसम्म



❑ नेस डेस्क

टोकियो – विदेशी कामदार र बासिन्दाहरूको संख्या कीर्तिमानी स्तरमा पुगेसँगै जापान सरकारले आफ्नो आप्रवासन तथा बसोबास नीतिमा ऐतिहासिक परिवर्तन गर्ने तयारी गरेको छ । सरकारले स्थायी बसोबास (पीआर), नागरिकता प्राप्ति, घरजग्गा खरिद र सामाजिक सुरक्षाका नियमहरूलाई एकैसाथ कडाइ गर्दै नयाँ मापदण्डहरू अघि सारेको हो ।

विदेशी बासिन्दाको संख्या अनपेक्षित रूपमा बढ्दै गएपछि जनसांख्यिक सन्तुलन र राष्ट्रिय सुरक्षालाई ध्यानमा राख्दै सरकारले यी नयाँ व्यवस्था लागू गर्न लागेको हो । आगामी सन् २०२६ देखि २०२७ सम्ममा चरणबद्ध रूपमा लागू हुने यी नियमहरूले जापानमा रहेका करिब ४० लाख विदेशीलाई प्रत्यक्ष प्रभाव पार्नेछ ।


सरकारले स्थायी आवास अनुमति (पीआर) का लागि सबैभन्दा कडा सर्तहरू अघि सारेको छ । सन् २०२७ को अप्रिलदेखि लागू हुने गरी तयारी गरिएको नयाँ व्यवस्थाअनुसार अब पीआर पाउनका लागि 'जापानी भाषामा निश्चित तहको दक्षता' अनिवार्य हुनेछ । साथै, आवेदकले सामुदायिक नियमहरू सिकाउने कार्यक्रममा अनिवार्य सहभागिता जनाउनुपर्नेछ ।

»» बाँकी पृष्ठ ७ मा

## अबको निकास एजेन्डासहितको निर्वाचन

❑ नेस डेस्क

काठमाडौं– नेपालको राजनीतिक इतिहास अस्थिरता र संक्रमणको पर्यायजस्तै बनेको छ । २००७ सालदेखि २०४६, २०६२/६३ हुँदै आजसम्म आइपुग्दा व्यवस्था फेरिए, शासक फेरिए तर जनताको जीवनस्तर र मुलुकको आर्थिक अवस्थामा तात्विक परिवर्तन आउन सकेन । किन बारम्बार हाम्रो राजनीति अस्थिर बन्छ ? किन राजनीतिक परिवर्तनले आर्थिक समृद्धि ल्याउन सक्दैन ? यिनै समसामयिक र पेचिला विषयमा केन्द्रीत रहेर अर्थ–राजनीति विश्लेषक डा. मिलनराज गर्तौलासँग नेपाली समाचारका लागि नृप रावलले गरेको कुराकानीको सम्पादित अंशः–



डा. मिलनराज गर्तौला
अर्थ-राजनीति विश्लेषक

**२००७ सालदेखि अहिलेसम्म हेर्ने हो भने नेपालमा छोटो-छोटो समयमा धेरै राजनीतिक परिवर्तनहरू भए । व्यवस्था फेरिए, शासक फेरिए तर जनताको अवस्था फेरिएन । विश्वमा विरलै देखिने यस्तो चरम अस्थिरता नेपालमा मात्र किन बारम्बार दोहोरिन्छ ?**

हो, हामीकहाँ परिवर्तनको शृङ्खला निकै छिटो चल्यो । यसलाई अर्थ–राजनीतिक आँखाबाट हेर्दा नेपालजस्तो विकासशील राष्ट्रको मुख्य चरित्र नै कमजोर अर्थतन्त्र हो । जब जनताले राजनीतिक परिवर्तन गर्छन्, उनीहरूको मूल चाहना आफ्नो जीवनस्तरमा सुधार वा आर्थिक रूपान्तरण हुन्छ । तर, विडम्बना के भयो भने, हामीकहाँ राजनीति गर्ने खेलाडीहरू, नेतृत्व वा दलहरूसँग स्पष्ट 'आर्थिक एजेन्डा' कहिल्यै भएन । उनीहरूले राजनीतिक नारा त दिए, व्यवस्था पनि फेरे तर त्यो राजनीतिक परिवर्तनलाई आर्थिक समृद्धिमा बदल्ने प्राविधिक र व्यवहारिक ज्ञान उनीहरूमा भएन । परिणामतः राजनीति फेरिरह्यो, तर जनताको आर्थिक जीवन उस्तै रह्यो, जसले गर्दा असन्तुष्टि र अस्थिरताको चक्र चलिरह्यो ।

**के नेपालमा आर्थिक नीति बनाउने विज्ञहरूको अभाव भएर यस्तो भएको हो ? राष्ट्रिय योजना आयोग वा राष्ट्र बैंकजस्ता निकायमा त पढेलेखेका, विद्यावारिधि गरेका विद्वानहरूकै नेतृत्व देखिन्छ नि !**

विज्ञहरूको अभाव भएर यो अवस्था आएको होइन । पञ्चायतकालमा डा. भेषबहादुर थापा, डा. प्रकाशचन्द्र लोहनी, डा. मोहनमान सैंजुजस्ता विद्वानहरू थिए भने बहुदलकालमा पनि डा. रामशरण महत, डा. प्रकाशशरण महतजस्ता पढेलेखेका व्यक्तिहरू नीति निर्माण तहमै पुगेका हुन् । अहिले पनि चर्चित नामहरू नै माथिल्लो तहमा छन् तर, समस्या कहाँ भयो भने, हाम्रा अर्थशास्त्री र

»» बाँकी पृष्ठ ७ मा







## सम्पादकीय

# जापानको विदेशी कामदार नीति

जापान सरकारले सन् २०२७ देखि लागू गर्ने घोषणा गरेको नयाँ विदेशी कामदार नीति हाल अन्तर्राष्ट्रिय रूपमा चासोको विषय बनेको छ । तीव्र रूपमा वृद्ध हुँदै गएको जनसंख्या, घट्दो जन्मदर र श्रमशक्तिको अभावसँग जुधिरहेको जापानका लागि यो नीति अपरिहार्य कदमका रूपमा हेरिएको छ । तर, यो नीति केवल श्रम अभाव पूर्ति गर्ने साधन मात्र नभई सामाजिक, आर्थिक र मानवीय पक्षसँग गहिरो रूपमा जोडिएको विषय पनि हो ।

नयाँ नीतिअन्तर्गत जापानले पुरानो 'टेक्निकल इन्टर्न' प्रणालीलाई हटाउँदै कौशल-आधारित रोजगारी प्रणाली लागू गर्न लागेको छ । यसले विदेशी कामदारलाई सस्तो श्रमशक्ति नभई आवश्यक सीप भएको श्रमिकका रूपमा स्वीकार गर्ने संकेत गर्दछ । सीमित संख्यामा कामदार भित्र्याउने, निश्चित क्षेत्रलाई प्राथमिकता दिने र चरणबद्ध रूपमा स्थायित्वतर्फ लैजाने संरचनाले नीतिलाई व्यवस्थित बनाएको देखिन्छ ।

यस नीतिको सकारात्मक पक्ष के हो भने, यसले विदेशी कामदारका अधिकार र सुरक्षामा सुधार ल्याउने अपेक्षा गरिएको छ । विगतमा कम तलब, अत्यधिक श्रम, तथा मानवअधिकार उल्लङ्घनका गुनासाहरू व्यापक थिए । नयाँ प्रणालीले पारदर्शिता, कानूनी संरक्षण र सीपको मूल्याङ्कनलाई प्राथमिकता दिएको दाबी गरिएको छ । यसले जापानको अन्तर्राष्ट्रिय छवि सुधार्न पनि मद्दत पुर्‍याउन सक्छ ।

तर, नीतिसँगै चुनौतीहरू पनि उत्तिकै छन् । कामदारको संख्या सीमित गरिनु, भाषा र सीपसम्बन्धी कडा मापदण्ड तथा प्रक्रियागत जटिलताले ठूलो संख्याका राम्रा कामदारहरू बाहिरिन सक्ने प्रवल सम्भावना देखिन्छ । विशेषगरी विकासशील देशका युवाहरूका लागि जापानको श्रमबजारमा रोजगारी पाउने ढोका निकै साँघुरिन सक्छ । साथै, विदेशी कामदारलाई दीर्घकालीन रूपमा जापानी समाजमा घुलमिल गराउने र उनीहरूको भविष्य सुनिश्चित हुने योजना अझै अस्पष्ट देखिन्छ ।


जापानले विदेशी कामदारलाई केवल आर्थिक आवश्यकताका लागि नभई समाजको जिम्मेवार सदस्यका रूपमा स्वीकार गर्न सके मात्र यो नीति सफल हुनेमा शंका गर्ने ठाउँ नरहला । भाषा शिक्षा, सामाजिक समावेशीकरण, स्थायी बसोबासको स्पष्ट बाटो र समान व्यवहार सुनिश्चित नगरेसम्म नीति कागजमै मात्र सीमित हुन सक्छ । जापानको नयाँ विदेशी कामदार नीति अवसर र चुनौतीको संगमका रूपमा लिन सकिन्छ । यसले श्रम अभाव समाधान गर्ने सम्भावना बोकेको छ, तर मानवता, समानता र सुरक्षित भविष्य सहितको दीर्घकालीन दृष्टिकोणलाई आत्मसात नगरेसम्म यसको प्रभाव सीमित रहन सक्छ । यो नीति जापानका लागि सुधारको मार्ग बन्ने हो अर्को विवादको कारण बन्न पुग्ने हो त्यो भने हेर्न बाँकी नै छ ।

जापानको नयाँ विदेशी कामदार नीतिले नेपाली समुदाय पनि प्रत्यक्ष प्रभावित हुने देखिन्छ । पछिल्ला वर्षहरूमा कृषि, निर्माण, नर्सिङ, होटल तथा सेवा क्षेत्रमा हजारौं नेपाली युवाहरू जापानमा कार्यरत छन् । नयाँ नीतिले सीप, भाषा र संख्या सीमित गरेकाले अब जापानमा रोजगारी सहज रहने छैन । तर, यदि नीति पारदर्शी रूपमा लागू भयो भने कामदारको अधिकार सुरक्षित हुने सम्भावना पनि उत्तिकै छ । विदेशी कामदारका लागि अब जापानमा भाषा, सीप र अनुभवको महत्व अझ बढेर गएको छ । औपचारिक वा अनौपचारिकरूपमा होस् जापानी भाषाको अध्ययन गरेर आफ्नो भाषाको लेभल अभिवृद्धि गर्न र गराउन प्रेरित गर्नुपर्ने आजको आवश्यकता हो ।

जापान सरकारले विदेशी कामदार नीतिमा कडाई बढाईरहेको बेला जापानमा धमिलिएको नेपालीहरूको छबि सुधार्न आवश्यक छ । जापानी समुदायको नजरमा नेपालीहरू त्यो हदसम्मको खराबको सूचीमा नभएको प्रमाणित गरेर देखाउनका लागि अबका हाम्रा गतिविधि जापानी समुदायकेन्द्रीत हुन जरूरी छ । हाम्रा कुरा उनीहरूलाई स्पष्टसंग बुझाउन सकिएको छैन, बुझाउन आवश्यक छ । नेपालीहरूबाट अवाञ्छित गतिविधिहरू हुन नदिन पूर्व तैयारी र सतर्कता अपनाउन अपरिहार्य छ । समाजका अगुवाहरूको यतातिर पनि बेलैमा ध्यान जाओस् ।




# आप्रवासी श्रमिकका अधिकार



## विचार

✍ प्रेमलकुमार खनाल

आफ्नो देश वा थातथलो छोडी अन्य देश वा देशभित्रै अन्यत्र गई रोजगारी गर्ने श्रमिक आप्रवासी श्रमिक हुन् । यस्ता श्रमिकहरू वैदेशिक रोजगारीमा रहँदा पनि हरेक व्यक्ति र तिनका परिवार आधारभूत मानव अधिकार तथा श्रम अधिकारका हकदार रहन्छन् । यसका लागि आप्रवासी श्रमिकका स्रोत तथा गन्तव्य देशका सरकार, तिनलाई भर्ना गर्ने निजी इजाजतप्राप्त संस्था (पीआरए) र गन्तव्य देशका रोजगारदाता जिम्मेवार हुन्छन् । यदि त्यस्तो अधिकार हनन भएमा सम्बन्धित श्रमिकलाई सक्षम र स्वतन्त्र निकायबाट न्याय, क्षतिपूर्ति र कानूनी संरक्षण प्राप्त गर्ने अधिकार रहन्छ ।

मार्क्सवादी सिद्धान्तले श्रम बसाइँसराइलाई पुँजीवादको सञ्चयको अन्तर्निहित आवश्यकताको उत्पादनको रूपमा हेर्छ । जसले असमान विश्वव्यापी विकास र 'श्रमको आरक्षित सेना' सिर्जना गर्दछ । विकसित राष्ट्रहरूको दोस्रो श्रम बजारमा आप्रवासी श्रमिकहरूलाई सस्तो श्रमको स्रोतको रूपमा हेरिन्छ । जसले विश्वव्यापी परिधिबाट कामदार हरूको 'अति-शोषण' मा योगदान पुर्‍याउँछ । व्यक्तिगत छनोटहरूको सट्टा, बसाइँसराइलाई पुँजीवादी गतिशीलताद्वारा सञ्चालित संरचनात्मक प्रक्रियाको रूपमा फ्रेम गरिएको छ, जसले असमानतालाई निरन्तरता दिन्छ । यद्यपि मार्क्सवादीहरूले आप्रवासी विरोधी नीतिहरूका लागि होइन, सबै कामदारका लागि समानता र अधिकारका लागि लड्न अन्तर्राष्ट्रिय कामदार एकताको वकालत गर्छन् ।

आप्रवासी श्रमिकका केही मूलभूत अधिकार छन् । मानव अधिकारको विश्वव्यापी घोषणापत्रले सबै व्यक्ति जन्मजात स्वतन्त्र र ती सबैको समान मर्यादा र अधिकार रहने उल्लेख गरेको छ । घोषणापत्रमा कसैलाई पनि स्वेच्छाचारी तवरले गिरफ्तार, थुनछेक वा देश निकाला गर्न निषेध गरिएको छ । त्यस्तै, प्रत्येक व्यक्तिलाई आफ्नो देश वा अरू कुनै पनि देश छोड्ने र आफ्नै देशमा फर्की आउने अधिकार रहन्छ । कुनै अवरोध र सीमाबिना सूचना प्राप्त गर्ने र तिनको खोजी गर्ने, सामाजिक सुरक्षा र खानपिन, लत्ताकपडा, आवास तथा स्वास्थ्योपचारका सुविधाहरू प्राप्त गर्नेलगायत अधिकार पनि यसले उल्लेख छ । घोषणापत्रमा मानव अधिकारहरूको उपभोगमा सबै व्यक्ति समान प्रकारले हकदार रहने समेत उल्लेख छ ।

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध अनुसार यसका पक्ष राष्ट्रले आफ्ना नागरिकको शारीरिक तथा मानसिक स्वास्थ्य अधिकार अधिकतम रूपमा सुनिश्चित गर्नुपर्छ । महामारी, व्यवसायजन्य/कार्यस्थलमा हुने तथा अन्य रोगको रोकथाम, उपचार र नियन्त्रण गर्नुपर्छ । त्यसैगरी, पर्याप्त खाद्यान्न, आवास, स्वास्थ्य उपचार र सूचनाजस्ता आधारभूत मानव अधिकारहरूको सम्मान, संरक्षण र परिपालना गर्ने राष्ट्रहरूको जिम्मेवारी रहन्छ । अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) का विभिन्न महासन्धिले वैदेशिक रोजगारीमा रहेका श्रमिकको विभिन्न अधिकार सुनिश्चित गरेको छ । नेपालले आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अनुबन्ध, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्ध, महिलाविरूद्ध हुने सबै प्रकारका विभेद उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिलगायत मानव अधिकारसम्बन्धि प्रमुख कानूनहरू र श्रम अधिकारसम्बन्धी कतिपय आईएलओ महासन्धिहरू अनुमोदन गरेको छ । यसरी अनुमोदन गरेका कानूनहरूको नेपालले लागू गर्नुपर्छ ।

नेपालबाट वैदेशिक रोजगारीमा गएका युवक, युवती २, ३ प्रतिशत दक्ष, २२ प्रतिशत जति अर्ध दक्ष र बाँकी ७५ प्रतिशत श्रमिक अदक्ष श्रमिक गइरहेका छन् । स्वाभाविक रूपमा अदक्ष श्रमिक भएपछि न्यून ज्याला र सुविधामा काम गर्न बाध्य छन् । उनीहरूले विदेशमा गएर काम गर्दा संगठित हुने, युनियन बनाउन पाउने, आफ्ना पीरमर्का रोजगारदाता र सम्बन्धित देशको सरकारसमक्ष माग राख्न पाउँदैनन् । जे जतिसुकै अप्ठ्यारो, साह्रोगाह्रो परे पनि पुँजीपति, मालिक, कम्पनीको नीति र आदेशमा काम गर्न विवश हुनुपरेको छ । वैदेशिक रोजगारीमा गएपछि आफ्नो इच्छाअनुसारको वा अन्य कार्यक्षेत्रमा काम गर्न सरूवा हुन पाउँदैनन् । यसै भएर वैदेशिक रोजगारीले नवदासत्व प्रवृत्ति उत्पादन गरिरहेको छ ।

नेपाल सरकारले संस्थागत रूपमा १ सय ११ र व्यक्तिगत रूपमा १ सय ७८ देशका लागि श्रम आप्रवासन खुला गरेको छ । नेपालीका प्रमुख श्रम गन्तव्य मुलुक मलेसिया र खाडीका कतार, साउदी अरब, संयुक्त अरब इमिरेट्स, कुवेत, बहराइन र ओमन हुन् । यद्यपि, पछिल्लो समय रोमानिया, क्रोएसिया, साइप्रस, माल्दिभ्स, बेलायत, पोल्यान्ड, माल्टा, टर्की, सिसेल्स, अल्बानियाजस्ता देशमा जाने श्रमिकको संख्या पनि उल्लेख्य छ । अर्कोतर्फ, गन्तव्य मुलुकका रूपमा नेपालमा छिमेकी देश भारतलगायत देशबाट समेत उल्लेख्य संख्यामा श्रमिकहरू रोजगारीमा संलग्न छन् । नेपालमा १ सय १० देशका १७ हजार ८ सय २३ ले श्रम इजाजत लिएको देखिन्छ ।

श्रम आप्रवासनलाई सुरक्षित र मर्यादित बनाउन नेपाल सरकारले भर्खरै राष्ट्रिय श्रम आप्रवासन नीति- २०८२ जारी गरेको छ । श्रम आप्रवासनलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउँदै श्रम आप्रवासनका सेवामा सुशासन कायम गर्न विभिन्न नीतिगत तथा संस्थागत व्यवस्था गरिएको छ । राष्ट्रिय श्रम आप्रवासन नीतिले सुरक्षित, व्यवस्थित, मर्यादित श्रम आप्रवासन र पुनः एकीकरणमार्फत समृद्धिमा योगदान पुर्‍याउने दूरदृष्टि लिएको छ । श्रम आप्रवासनमा सुशासन कायम गरी विप्रेषणलाई उत्पादन र रोजगारी केन्द्रीत गर्ने ध्येय लिएको छ । सुसूचित, सिपयुक्त, प्रतिस्पर्धी र व्यावसायिक श्रमशक्तिको विकासद्वारा श्रम आप्रवासनलाई प्रतिफलयुक्त बनाउँदै उद्यमशीलतामार्फत बाध्यकारी श्रम आप्रवासनको अन्त्य गर्ने लक्ष्य राखिएको छ ।

नेपाल सरकारले राष्ट्रिय श्रम आप्रवासनसम्बन्धी नीति अगाडि सारे पनि यसको प्रभावकारी कार्यान्वयन चुनौतीको विषय बनेको छ । अहिले पनि आप्रवासी श्रमिकहरूले श्रम शोषणजस्ता समस्या सामना गरिरहेछन् । खासगरी समयमा ज्याला भुक्तानी नपाउने, जबर जस्ती ओभरटाइममा काम गर्नुपर्ने, मानव बेचबिखन गर्ने र असुरक्षित आवास र आधारभूत सुविधाहरूको अभाव जस्ता कमजोर जीवन र काम गर्ने अवस्था, स्वास्थ्य समस्याहरू, शारीरिक र मानसिक रोगहरू र स्वास्थ्य सेवा पहुँचमा अवरोधहरू सिर्जना गर्ने र पारिवारिक बिछोड, भेदभाव र भाषा अवरोधहरू जस्ता सामाजिक र मनोवैज्ञानिक चुनौती सामना गरेका छन् ।

आप्रवासी श्रमिकहरूले ट्रेड युनियन खोल्न, पीर मर्का समाधानका लागि मागदाबी पेस गरी सामूहिक सौदाबाजी गर्न पाएका छैनन् । यसले गर्दा उनीहरूले न्यायमा पहुँचका कठिनाइहरू भोगिरहेका छन् र कतिपय श्रमिकलाई आफ्नो अधिकार र कार्यस्थलको अवस्थाबारे जानकारीको अभावको सामना गरिरहेका छन् । आप्रवासी श्रमिकहरू प्रायः जबरजस्ती श्रम, मानव बेचबिखन, गैरकानूनी ज्याला कटौती, ज्याला र कागजातहरू रोक्का गर्ने र अत्यधिक ओभरटाइमको सिकार हुन्छन् । उनीहरूले जागिरको असुरक्षा, कम आयको सामना गरेका छन् । गन्तव्य मुलुकमा उनीहरूको अधिकारबारे प्रायः सीमित बुझाइ हुन्छ र सामूहिक सौदाबाजीमा पहुँचको अभाव हुन्छ । कामदारहरूलाई असुरक्षित, अस्वच्छ र भीडभाड भएको अवस्थामा राख्ने गरिन्छ । उनीहरूले कार्यस्थलमा विभिन्न पेसागत जोखिमहरूको सामना गर्नुपर्छ र मानक स्वास्थ्य र सुरक्षा तालिमबाट बहिष्कृत हुन सक्छन् ।

आप्रवासी कामदारहरूलाई कहिलेकाँही सामाजिक सुरक्षा प्रणाली र मानक कार्यस्थल तालिमबाट बहिष्कृत गरिन्छ । तिनीहरू कमजोर पार्ने चोटपटक, संक्रामक रोगहरू, ज्वरो र ढाड दुख्ने जस्ता सामान्य रोगसहित खराब स्वास्थ्यको जोखिममा हुन्छन् । मानसिक स्वास्थ्य चुनौतीहरूमा भाषा अवरोध, कार्यस्थलमा मनोसामाजिक जोखिम र पारिवारिक बिछोडजस्ता कारकहरूका कारण तनाव, चिन्ता र डिप्रेसनमा पर्ने गर्छन् । आप्रवासी श्रमिकमध्ये धेरैले स्वास्थ्य सेवामा पहुँच गर्न अवरोधहरूको सामना गर्छन्, जसमा भाषा अवरोध र किन्न नसकिने लागतहरू समावेश छन् । कामदारहरूले जातिविरोधी भावना, उत्पीडन र हिंसाको सामना गर्न सक्छन्, जसमा लिंगमा आधारित हिंसा पनि समावेश छ । न्यायमा कामदारहरूलाई उजुरी कसरी दर्ता गर्ने भनेर थाहा नहुन सक्छ वा त्यसो गर्दा परिणाम भोग्नुपर्ने डर हुन सक्छ । परिवारलाई घर फर्काउन र चिकित्सा सेवाहरू कभर गर्न आर्थिक भार छ ।

त्यसैले मुलुकलाई स्वाधीन र आत्मनिर्भर बनाउन सरकारले मुलुकभित्रै पर्याप्त रोजगारीका अवसर सिर्जना गरेर वैदेशिक रोजगारीमा जानेको संख्या घटाउने रणनीति अवलम्बन गर्नु जरूरी छ । यसका लागि खेतीयोग्य बाँझो जमिनको पूर्ण उपयोग गर्नुपर्छ । यसका लागि कृषि क्षेत्रको आधुनिकीकरण, व्यावसायीकरण र विविधीकरण गरेर उत्पादन र रोजगारी वृद्धिको राष्ट्रिय अभियान सञ्चालन गर्नुपर्छ । कृषि, पर्यटन रोजगारीका लागि महत्वपूर्ण क्षेत्र हुन् ।

यस क्षेत्रमा लगानीमैत्री वातावरण बनाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लगानीकर्तालाई आकर्षित गरी रोजगारीका क्षेत्रको विस्तार गर्नुपर्छ भने अर्कोतर्फ उद्योग, व्यापार, पर्यटन, निर्माण आदि क्षेत्रको प्रवर्धन गर्नुपर्छ । उपलब्ध स्रोत र साधनको अधिकतम परिचालन गर्ने, उद्यमशीलता तथा स्वरोजगारी प्रवर्धनका कार्यक्रमलाई स्थानीय स्तरसम्म सञ्चालन गर्न सीप विकासका तालिमबाट व्यापक जनशक्तिलाई परिचालन गर्ने कामले प्राथमिकता पाउनुपर्छ । विदेशबाट फर्केका युवाहरूको ज्ञान र सीपलाई मुलुकको आर्थिक विकासमा उपयोग गर्ने ठोस नीति तथा कार्यक्रम अवलम्बन गर्न सकेचाहिँ तिनलाई देशविकासमा लगाउन सकिन्छ ।

# नयाँ वर्षमा गलकोट समाज जापानको साँगीतिक धमाका हुने




❑ नेस संवाददाता

टोकियो – गलकोट समाज जापानले अंग्रेजी नयाँ वर्ष २०२६ को अवसर पारेर जापानका चार प्रमुख सहरहरूमा सांगीतिक कार्यक्रमको आयोजना गर्ने भएको छ । कार्यक्रममा सुगम संगीतका लोकप्रिय गायक शिव परियार, छोटो समयमै सांगीतिक क्षेत्रमा चर्चा कमाउन सफल गायिका समिक्षा अधिकारी, सर्जक तथा गायक रामकृष्णबम मल्ल र परदेशी गायक सूर्य खड्का लगायतका कलाकारहरूको विशेष साँगीतिक प्रस्तुती रहने भएको छ ।

आयोजक स्रोतका अनुसार ओसाकामा २०२५ डिसेम्बर ३१, नागोयामा २०२६ जनवरी १ र टोकियोमा २०२६ जनवरी २ तारिखका दिन कार्यक्रम तय गरिएको छ । यो कार्यक्रम केवल मनोरञ्जनका लागि मात्र नभएर शिक्षा, स्वास्थ्य र खेलकुदमा लगानी जस्ता सामाजिक उत्तरदायित्व पूरा गर्ने उद्देश्यका साथ आयोजना गरिएको समाजका महासचिव दिलिप कँडेलले बताए । उनले भने – 'कार्यक्रमबाट संकलित रकम बागलुङको गलकोट क्षेत्रमा स्थानीय सरकारसँगको समन्वयमा शिक्षा, स्वास्थ्य र खेलकुदको विकासमा खर्च गरिने छ ।'

समाजका अध्यक्ष रत्नसिंह बस्नेतले यस कार्यक्रमबाट जापानमा रहेका गलकोटे लगायत सम्पूर्ण नेपालीहरूबीचको एकतालाई थप मजबुत बनाउने विश्वास व्यक्त गरे । यस पटकको कार्यक्रममा सहभागी हुने दर्शकहरूका लागि आकर्षक 'लक्की ड्र' को व्यवस्था गरिएको छ । कार्यक्रमको टिकट काट्नेहरूमध्ये भाग्यशाली दुई जनाले भियतनाम भ्रमण गर्ने अवसर (बम्पर उपहार) प्राप्त गर्नेछन् । कार्यक्रमको टिकट दर ३ हजार येन तोकिएको छ ।

# टोकियो लगायत जापानका प्रमुख सहरहरूमा माघे संक्रान्ति मनाईदैं

❑ नेस संवाददाता

टोकियो – नेपाल मगर संघ जापानले विगतका वर्षहरूमा झैं यसवर्ष पनि आफ्नो मौलिक पर्व माघे संक्रान्तिको उपलक्ष्यमा राजधानी टोकियो लगायत जापानका विभिन्न प्रमुख सहरहरूमा 'माघे संक्रान्ति विशेष साँस्कृतिक साँझ-२०२६' गर्ने भएको छ ।

कला, सँस्कार र सँस्कृतिले नेपालकै असाध्यै धनी मानिने मगर समुदायमा माघे संक्रान्ति पर्वलाई आफ्नो राष्ट्रिय पर्वकैरूपमा धुमधामका साथ मनाउने असल परम्परा छ । जसअनुसार नेपाल मगर संघ जापानले विगतका वर्षहरूमा झैं यसपटक २०२६ जनवरी १८ तारिख आइतबारका दिन टोकियोको नाकानो जिरो हलमा विविध साँगीतिक कार्यक्रमका साथ माघे संक्रान्ति पर्व मनाइने भएको हो ।

वर्षभरिकै एक महत्वपूर्ण कार्यक्रमकारूपमा हरेक वर्ष आयोजना गर्दै आएको माघे संक्रान्ति विशेष साँस्कृतिक साँझ कार्यक्रमको तैयारीलाई तिब्र पारिएको संघका अध्यक्ष भिक्टर ठाडा मगरले जानकारी दिए ।

'हाम्रो भाषा, वेशभूषा, कला, सँस्कृतिको मौलिक पहिचानलाई संरक्षण र सम्बर्धन गर्दै सामाजिक न्याय, एकता र सद्भावलाई कायम राख्ने उद्देश्यका साथ हरेक वर्ष आयोजना हुँदै आएको माघे संक्रान्ति विशेष साँस्कृतिक साँझ यस वर्ष पनि अझ उत्साहका साथ मनाउन लागेका छौं'-अध्यक्ष ठाडा मगरले भने – 'यसप्रकारका कार्यक्रमहरूबाट विदेशमा हाम्रो आफ्नो मौलिक पहिचानको उजागर हुनुका साथै हुर्कदों नयाँ पुस्तामा समेत सँस्कार र सँस्कृतिको हस्तान्तरण हुनेमा हामी विश्वस्त छौं ।'

माघे संक्रान्ति विशेष साँस्कृतिक साँझमा मगर साँस्कृतिक समुहको कौराहा सालैजो, मगर भाषाको गीतमा नृत्य रहने छन् भने गायक चेतन घर्ती मगर, रचना राना मगर लगायतका स्थानीय कलाकारहरूको साँगीतिक प्रस्तुती रहने संघका महासचिव सागर थापा मगरले बताए ।

महासचिव थापा मगरका अनुसार नेपाल मगर संघ जापानले विगतका वर्षहरूमा झैं यसवर्ष पनि क्षेत्रीय समितिहरूको आयोजनामा जापानका विभिन्न सहरहरूमा माघे संक्रान्ति पर्व मनाइने भएको छ । जस अनुसार गुन्माकेन र शिजुओकामा जनवरी १० तारिख, ओसाकामा जनवरी १२ तारिख, क्युशुमा १६ तारिख, नागोयामा १७ तारिख र टोकियोमा १८ तारिख माघे संक्रान्ति विशेष साँस्कृतिक साँझ कार्यक्रम आयोजित छन् ।

# टोकियोमा दोस्रो मोना फेस्टिवल हुने

❑ नेस संवाददाता

टोकियो – म्याग्दी प्रवासी नेपाली संघ (मोना) जापानको आयोजनामा टोकियोमा दोस्रो मोना फेस्टिवल हुने भएको छ । उक्त फेस्टिवल आगामी २०२६ को अप्रिल ११ र १२ मा इताबासी वार्ड अन्तर्गत ताकासिमादायरा स्टेशन नजिकै रहेको आकाचुका पार्कमा हुने बताईएको छ ।

सन् २०२४ को अप्रिलमा खामीइताबासी स्थित हेइवा पार्कमा इताबासी वार्डको सहकार्यमा पहिलो मोना फेस्टिवल गरेको मोना जापानले यसपटक पनि इताबासी वार्डको सहयोग र सहकार्यमा दोस्रो मोना फेस्टिवल गर्न लागेको दोस्रो मोना फेस्टिवल आयोजक समितिका संयोजक ज्ञानेन्द्र कार्कीले जानकारी दिए ।

नेपाली कला, सँस्कृति एवं म्याग्दी जिल्लाका धार्मिक तथा ऐतिहासिक धरोहर एवं पर्यटकीय गन्तब्यहरूको पहिचानलाई जापानी समुदायमा प्रवर्धन गर्ने उद्देश्यले उक्त फेस्टिवलको आयोजना गरिएको मोना जापानका अध्यक्ष गणेश श्रेष्ठले बताए ।

उक्त फेस्टिवलका सम्बन्धमा विगतका अनुभवबाट सिक्दै अझ उत्कृष्ट र प्रभावकारी कसरी बनाउन सकिन्छ भन्ने हेतुले सहकार्यका लागि छलफल र परामर्श थालिएको मोना जापानका महासचिव सुरेश पुन बताउँछन् । जसअनुसार मोना जापानले हालै गण्डकी प्रदेशस्तरिय अन्तरक्रिया कार्यक्रम समेत सम्पन्न गरिसकेको उनले बताए । गत आइतबार भएको उक्त अन्तरक्रिया कार्यक्रममा सहभागी भएका दर्जनभन्दा बढि संघसंस्थाका प्रतिनिधिहरूले आसन्न मोना फेस्टिवललाई सफल बनाउन आ-आफ्नो तर्फबाट सक्दो सहयोग र सहकार्य रहने प्रतिबद्धता जनाएका थिए । उनीहरूले संघसंस्थाहरूबीच एकै प्रकृतिका कार्यक्रम दोहोरिने गरेको र कार्यक्रमहरूको मिति जुध्ने गरेको समस्यालाई हल गर्न आपसी छलफलबाट सहमति र सहकार्य आवश्यक रहेकोमा जोड दिएका थिए ।

# फुकुसिमा आणविक विद्युत केन्द्र पुन: सञ्चालन गरिने


❑ नेस संवाददाता

टोकियो-फुकुसिमा आणविक विद्युत केन्द्र दुर्घटनापछि करिब १५ वर्षसम्म थलिएको जापानको आणविक ऊर्जातर्फको पुनरागमनमा एक निर्णायक मोडमा आएको छ । निगाता क्षेत्रले सोमबार विश्वकै सबैभन्दा ठूलो आणविक विद्युत केन्द्र पुन: सञ्चालन गर्न अन्तिम स्वीकृति दिएसँगै जापानले आणविक ऊर्जा प्रयोग विस्तारतर्फ ठोस कदम चालेको हो । टोकियोबाट करिब २ सय २० किलोमिटर उत्तर-पश्चिममा रहेको काशिवाजाकी-कारिवा आणविक विद्युत् केन्द्र २०११ को भूकम्प र सुनामीपछि बन्द गरिएका ५४ रियक्टरमध्ये एक हो । सोही दुर्घटनाले फुकुसिमा दाइची आणविक केन्द्रलाई गम्भीर क्षति पुऱ्याएको थियो, जसलाई चेर्नोबिलपछि विश्वकै सबैभन्दा ठूलो आणविक दुर्घटनाका रूपमा लिइन्छ ।

दुर्घटनापछि जापानले सञ्चालनयोग्य ३३ मध्ये हालसम्म १४ रियक्टर मात्रै पुन: सञ्चालनमा ल्याएको छ । आयातित जीवाश्म इन्धनमाथिको निर्भरता घटाउने उद्देश्यसहित सरकारले आणविक ऊर्जा पुन: प्रयोग गर्ने नीति अघि सारेको हो ।

गत सोमबार निगाता प्रान्तीय सभाले गभर्नर हिदेयो हानाजुमीमाथि विश्वासको मत प्राप्त गरेका छन् । गत महिना केन्द्र पुन: सञ्चालनको समर्थन जनाएका हानाजुमीले विश्वासको मत प्राप्त गरेसँगै केन्द्र सञ्चालनको बाटो खुलेको हो ।









# टोकियो बन्यो विश्वकै दोस्रो उत्कृष्ट सहर



❑ नेस संवाददाता

टोकियो - विश्वका प्रमुख ४८ सहरहरूमध्ये समग्र आकर्षणको आधारमा जापानको राजधानी टोकियो दोस्रो स्थानमा उक्लिएको छ । विगत नौ वर्षदेखि लगातार तेस्रो स्थानमा रहँदै आएको टोकियोले यस पटक अमेरिकी सहर न्युयोर्कलाई पछि पार्दै यो सफलता हासिल गरेको हो ।

जापानी अनुसन्धान संस्था 'दी मोरी मेमोरियल फाउन्डेसन' अन्तर्गतको 'इन्स्टिच्युट फर अर्बन स्ट्राटेजिज' ले बुधबार सार्वजनिक गरेको 'ग्लोबल पावर सिटी इन्डेक्स'को प्रतिवेदन अनुसार विदेशी पर्यटकहरूको आगमनमा भएको वृद्धिले टोकियोको वरीयता उकास्न मद्दत गरेको हो । शीर्ष पाँच सहरको वरीयतामा नौ वर्षपछि पहिलो पटक परिवर्तन देखिए पनि बेलायतको लन्डन भने लगातार १४ औं वर्ष पनि शीर्ष स्थानमा कायमै छ । समग्र अंकमा केही गिरावट आए पनि 'साँस्कृतिक अन्तरक्रिया' र 'पहुँच' जस्ता विधामा बलियो पकडका कारण लन्डन पहिलो स्थानमा रहन सफल भएको हो । यो सूचकांकले विश्वभरका मानिस र व्यवसायलाई आकर्षित गर्ने सहरहरूको 'चुम्बकीय शक्ति' मापन गर्दछ । यसका लागि अर्थतन्त्र, अनुसन्धान र विकास, सांस्कृतिक अन्तरक्रिया, बसोबास योग्यता, वातावरण र पहुँच गरी ६ वटा मुख्य मापदण्डहरू तय गरिएका छन् ।

# जापानले सन् २०२९ सम्म १२ लाख विदेशी कामदार भित्र्याउने

❑ नेस संवाददाता

टोकियो - जापान सरकारले दक्ष जनशक्ति र नयाँ प्रशिक्षण कार्यक्रम गरी दुई अलग-अलग प्रणालीमार्फत १२ लाख ३० हजारभन्दा बढी विदेशी कामदार भित्र्याउने तयारी गरिरहेको छ । सरकारले सन् २०२९ को मार्च अन्त्यसम्ममा कुल १२ लाख ३१ हजार ९ सय विदेशी कामदार स्वीकार गर्ने प्रस्ताव विज्ञहरूको प्यानलसमक्ष पेस गरेको हो । सरकारको उक्त योजनाअनुसार, हाल कार्यान्वयनमा रहेको 'विशिष्टीकृत दक्ष कामदार' प्रणालीअन्तर्गत १९ वटा विभिन्न क्षेत्रमा ८ लाख ५ हजार ७ सय कामदार भित्र्याइन्छ । जसमध्ये औद्योगिक उत्पादन क्षेत्रमा सबैभन्दा बढी १ लाख ९९ हजार ५ सय, खाद्य तथा पेय पदार्थ उत्पादनमा १ लाख ३३ हजार ५ सय र 'नर्सिङ केयर' (स्याहार-सुसार) क्षेत्रमा १ लाख २६ हजार ९ सय कामदार स्वीकार गरिनेछ ।

त्यसैगरी, सन् २०२७ अप्रिल १ देखि लागू हुने नयाँ प्रणालीमार्फत थप ४ लाख २६ हजार २ सय कामदार भित्र्याउने लक्ष्य राखिएको छ । यो नयाँ प्रणालीको मुख्य उद्देश्य विदेशी कामदारहरूलाई तालिम दिएर सिद्धान्ततः तीन वर्षभित्र विशिष्टीकृत दक्ष कामदारको स्तरमा पुऱ्याउनु रहेको छ । नयाँ प्रणालीअन्तर्गत १७ वटा क्षेत्रमा कामदारहरू भित्र्याइनेछन् ।

जसमा निर्माण क्षेत्रका लागि १ लाख २३ हजार ५ सय, औद्योगिक उत्पादनका लागि १ लाख १९ हजार ७ सय र खाद्य तथा पेय पदार्थ उत्पादनका लागि ६१ हजार ४ सय कामदार छुट्याइएको छ । जापानी अधिकारीहरूका अनुसार स्वदेशभित्रै उपलब्ध हुनसक्ने जनशक्ति र उत्पादकत्वमा हुने वृद्धिको प्रक्षेपण गरेर यो संख्या निर्धारण गरिएको हो । उनीहरूले यो संख्या विदेशी कामदार स्वीकार गरिने अधिकतम सीमा भएको बताएका छन् । जापान सरकारले यस योजनामाथि थप छलफल गरी आगामी जनवरी महिनामा मन्त्रिपरिषद्बाट अनुमोदन गराउने तयारी गरेको छ ।

# जापानमा ५० वर्षे ऋणको ट्रेन्ड



❑ नेस संवाददाता

टोकियो - जापानमा घरजग्गाको मूल्य निरन्तर उकालो लागेपछि युवा पुस्तामा ५० वर्षे अवधिको आवास कर्जा (हाउजिङ लोन) को प्रयोग बढ्दै गएको छ । सामान्यतया ३५ वर्षको भुक्तानी अवधि रहने ऋणभन्दा धेरै लामो समयको यो ऋण योजना अहिले लोकप्रिय बनिरहेको छ ।

आफूले चाहेको घर खरिद गर्नका लागि युवाहरूले मासिक किस्ताको भार कम गर्न यो बाटो रोजिरहेका छन् । तर, ऋणको अवधि लम्बिँदा साँवा र ब्याजसहितको कुल भुक्तानी रकम बढ्न जाने र अवकाश जीवन (रिटायरमेन्ट) पछि पनि ऋणको भारी बोकिराख्नुपर्ने जोखिम देखिएको छ । यसका साथै, 'बैंक अफ जापान'को मौद्रिक नीतिमा आएको परिवर्तनका कारण भविष्यमा ब्याजदरमा आउन सक्ने उतारचढाव पनि अर्को चिन्ताको विषय बनेको छ ।

गएको जुलाई महिनामा 'पे-पे बैंक' ले ५० वर्षे ऋण योजना सुरु गरेको थियो । तथ्याङ्कअनुसार २० देखि २९ वर्ष उमेर समूहका ७० प्रतिशत र ३० देखि ३९ वर्ष उमेर समूहका ४९ प्रतिशत ग्राहकले ३५ वर्षभन्दा बढी अवधिको ऋण रोजेका छन् । अन्य इन्टरनेट तथा क्षेत्रीय बैंकहरूले पनि लक्षित उमेर समूहका लागि लामो अवधिको ऋण उपलब्ध गराइरहेका छन् । सैद्धान्तिक रूपमा, ऋणीले ८० वर्षको उमेरसम्ममा ऋण चुक्ता गरिसक्नुपर्ने नियम बनाइएको छ ।

आवास कर्जा सेवा प्रदायक 'एमएफएस इंक' का ताकाशी सियोजावाको गणना अनुसार, यदि कुनै ग्राहकले ० दशमलव ७५ प्रतिशत वार्षिक ब्याजदरमा ६ करोड येन (करिब ३ लाख ८० हजार अमेरिकी डलर) ऋण लियो भने ३५ वर्ष अवधिका लागि मासिक किस्ता करिब १ लाख ६० हजार येन हुन्छ भने कुल ब्याज मात्रै करिब ८२ लाख ३० हजार येन तिर्नुपर्छ । तर, सोही रकम ५० वर्ष अवधिका लागि लिँदा मासिक किस्ता घटेर करिब १ लाख २० हजार येन हुन्छ, यद्यपि कुल ब्याज रकम भने बढेर १ करोड १९ लाख ७० हजार येन पुग्छ ।

# एआईको युगमा सर्भर डाउनकै सास्ती

❑ नेस संवाददाता

काठमाडौं - लोकन्थलीका ८३ वर्षीय भोजराज घिमिरेलाई अहिले पेन्सन बुझ्न स्थायी घर भैरहवा धाउनुपर्ने बाध्यता छैन । काठमाडौंमै बसेर बैंक खातामार्फत पेन्सन बुझ्छन्, बिजुली र पानीको बिल मोबाइलबाट तिर्छन् । झापाकी ७२ वर्षीया वेदकुमारी कोइराला पनि ढुक्क छिन् । सामाजिक सुरक्षा भत्ता सिधै बैंकमा जम्मा हुने भएपछि कसैले रकम हिनामिना गर्ला भन्ने पीर उनलाई छैन ।

यी दुई प्रतिनिधि पात्र हुन्, जसले सरकारी सेवामा आएको 'डिजिटल रूपान्तरण' को प्रत्यक्ष लाभ लिइरहेका छन् । तर, प्रविधिले ल्याएको यो सहजतासँगै सेवाग्राहीले भोग्नुपरेको अर्को तितो यथार्थ पनि छ- 'सर्भर डाउन' र प्रक्रियागत झन्झट ।

दाङका ३५ वर्षीय आशिष थापा सरकारी सेवा अनलाइनमा गए पनि 'छिटो र छरितो' हुन नसकेको गुनासो गर्छन् । 'अनलाइन फारम भर्दाभर्दै अन्तिममा गएर सिस्टमले काम गर्दैन, कागजात बोकेर फेरि लाइनमै बस्नुपर्छ,' थापा भन्छन्, 'एकद्वार प्रणाली नहुँदा एउटै डकुमेन्ट बोकेर विभिन्न कोठा चाहार्नुपर्ने बाध्यता हटेको छैन ।'

सर्लाहीका अरमान अन्सारीको अनुभव पनि उस्तै छ । अलिकति भीड बढ्नासाथ 'सर्भर डाउन' हुने समस्याले सेवाग्राहीलाई आजित बनाउँछ । अन्सारीका अनुसार, भरपर्दो इन्टरनेटको अभाव, कर्मचारीमा प्राविधिक ज्ञानको कमी र पुराने ढर्रामा रमाउने बानीले 'डिजिटाइजेसन' को पूर्ण लाभ जनताले पाउन सकेका छैनन् ।

सार्वजनिक सेवालाई कागजमुक्त र प्रविधिमैत्री बनाउने सरकारी प्रयासमा पूर्वाधार बाधक बनेको स्वयं सरकारी अधिकारीहरू स्वीकार्छन् । सूचना प्रविधि विभागका महानिर्देशक श्रीचन्द्र साह भन्छन्, 'पूर्वाधार कमजोर हुँदा अनलाइन प्रणालीमा समस्या देखिने गरेको छ । सफ्टवेयरहरू समयसापेक्ष अपडेट हुन सकेका छैनन् । तर, यसको अर्थ काम नै नभएको भने होइन, सुधारको प्रयास जारी छ ।'












# एनआरएनएको "एकता महाधिवेशन" फागुनमा

❑ नेस संवाददाता

काठमाडौं – लामो विवाद र विभाजनपछि हालै एकीकरणको बिन्दुमा आइपुगेको गैरआवासीय नेपाली संघ (एनआरएनए) ले आफ्नो आगामी १२ औं अन्तर्राष्ट्रिय महाधिवेशनको औपचारिक मिति र स्थान टुंगो लगाएको छ । 'एकताको महाधिवेशन' का रूपमा चित्रित गरिएको यो विश्व सम्मेलन सन् २०२६ को फेब्रुअरीमा काठमाडौंमा गर्ने तय भएको हो ।

संघको एकीकरणपछि गठित उच्चस्तरीय स्टेरिङ कमिटीको दोस्रो बैठकले महाधिवेशनको कार्यतालिका अनुमोदन गरेको छ । कमिटीका सदस्य एवं पूर्वअध्यक्ष आरके शर्माको अध्यक्षतामा बसेको बैठकले वि.सं. २०८२ फागुन ११, १२ र १३ गते (सन् २०२६ फेब्रुअरी २३, २४ र २५) काठमाडौंमा महाधिवेशन गर्ने निर्णय गरेको हो ।

महाधिवेशनको मिति घोषणासँगै संघले आन्तरिक एकतालाई सुदृढ बनाउन सांगठनिक कसरत समेत थालेको छ । बैठकले राष्ट्रिय समन्वय समिति (एनसीसी) हरू बिचको एकता प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउन 'एनसीसी युनिटी फ्यासिलिटेसन कमिटी' गठन गरेको छ । महासचिवद्वय गौरीराज जोशी र बी.आर. लामाद्वारा जारी विज्ञप्तिअनुसार गंगाधर गौतमको संयोजकत्वमा गठित पाँच सदस्यीय उक्त समितिको सह-संयोजकमा टीका गुरूङ (राधिका) रहेकी छिन् । त्यस्तै, सदस्यहरूमा नारायण काफ्ले, शनि ओली र चिरञ्जीवी खड्कालाई जिम्मेवारी तोकिएको छ ।

# फागुनमा निर्वाचन कि प्रतिनिधिसभा पुनःस्थापना ?

❑ नेस संवाददाता

काठमाडौं – मुलुकको तरल राजनीतिक वातावरणमा नयाँ मोड आएको छ । सुरूमा निर्वाचनको बाटो रोजेको प्रमुख दल नेपाली कांग्रेस र नेकपा (एमाले) अहिले प्रतिनिधिसभा पुनःस्थापनाको साझा एजेन्डामा एकै ठाउँ उभिएका छन् । पछिल्लो समय एमाले अध्यक्ष केपी शर्मा ओली र काँग्रेस सभापति शेरबहादुर देउवाबीच भएको सघन संवादसँगै दुवै दल संसद् ब्युँताउने कानूनी र राजनीतिक कसरतमा सक्रिय भएका हुन् ।

प्रतिनिधिसभा विघटन र सुशीला कार्कीको प्रधानमन्त्रीमा नियुक्तिलाई 'असंवैधानिक' निष्कर्ष निकाल्दै दुवै दलले अदालतमा मोर्चाबन्दी सुरू गरेका छन् । एमालेले ७५ सांसदको हस्ताक्षरसहित सर्वोच्चमा रिट दायर गरिसकेको छ भने कांग्रेसले पनि बहुमत सांसदको हस्ताक्षर जुटाएर पूरक निवेदन दिने तयारी तीव्र पारेको छ । यस प्रक्रियामा जनमत, लोसपा र नागरिक उन्मुक्ति जस्ता साना दलहरूलाई पनि समेट्ने प्रयास भइरहेको छ ।

यद्यपि संस्थागत रूपमा चुनावमा जाने निर्णय गरेको कांग्रेसभित्र पुनःस्थापनाको मुद्दाले आन्तरिक कलह निम्त्याएको छ । सभापति देउवाको संकेतमा प्रमुख सचेतक श्याम घिमिरेले पुनःस्थापनाको रिट अघि बढाए पनि महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मासहितको ठूलो पंक्ति भने निर्धारित फागुन २१ मै चुनाव हुनुपर्ने अडानमा छ ।

कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतले सरकारले चुनावी वातावरण बनाउन नसकेका कारण संसद् पुनःस्थापनालाई एउटा विकल्पका रूपमा मात्र राखिएको स्पष्ट पारे । उनले भने, 'हाम्रो प्राथमिकता चुनाव नै हो, तर फागुन २१ मा निर्वाचन नहुने र संसद् पनि नहुने अवस्थाले देशलाई थप अन्योलमा लैजान्छ । त्यसैले निकासका लागि पुनःस्थापनालाई पनि नकार्न सकिन्न ।' यता, नेता श्याम घिमिरेले भने आफूहरूले ६५ भन्दा बढी सांसदको हस्ताक्षर तयार पारिसकेको र एमालेसँगको निरन्तर संवादमा रहेको बताएका छन् ।

एमालेका मुख्य सचेतक महेश बर्तौलाले संसद् विघटनलाई लोकतन्त्रको आत्मामाथिको प्रहारको संज्ञा दिएका छन् । उनले राष्ट्रपतिको संवैधानिक कमजोरीका कारण उत्पन्न संकट समाधान गर्न अदालतको अन्तिम आदेश नकुरी राष्ट्रपतिले नै संसद् बैठक आह्वान गर्नुपर्ने तर्क अघि सारेका छन् ।

# युद्धको विगत बिर्सेर उद्यम र डिजिटल युगमा रूकुम-रोल्पा

❑ नेस संवाददाता

काठमाडौं – कुनै समय सशस्त्र द्वन्द्वको इपिसेन्टर मानिने रोल्पा र रूकुमको पहिचान अहिले फेरिएको छ । विगतमा भौगोलिक विकटता र पछौटेपनको पर्याय बनेका यी मध्यपहाडी जिल्लाहरू अहिले सडक सञ्जाल, व्यावसायिक कृषि र डिजिटल कारोबारमार्फत विकासको नयाँ नमूना पेश गर्न थालेका छन् ।

दाङको घोराहीदेखि पूर्वी रूकुमको हुकामसम्म जोड्ने निर्माणाधीन 'शहीद मार्ग' र मध्यपहाडी लोकमार्गले यहाँको जनजीवनमा कायापलट ल्याएको हो । सडकको पहुँचसँगै स्थानीय उत्पादनले बजार पाएको छ भने गाउँ-गाउँमा इन्टरनेट र डिजिटल भुक्तानीको विस्तारले सेवा प्रवाह चुस्त बनाएको छ । सडक सञ्जाल विस्तार भएसँगै यहाँका कृषकहरू निर्वाहमुखी खेतीबाट व्यावसायिक कृषितर्फ मोडिएका छन् । रोल्पाको रून्टीगढी गाउँपालिकाले मात्र वार्षिक ५० करोड रूपैयाँभन्दा बढीको तरकारी जिल्ला बाहिर निर्यात गर्न सफल भएको छ । गाउँपालिका अध्यक्ष जनक पुन मगरका अनुसार, किसानलाई बीउमा ५० प्रतिशत अनुदान र साप्ताहिक हाटबजारको व्यवस्था गरेपछि उत्पादन र आम्दानी दुवै बढेको छ ।

अहिले रोल्पाका त्रिवेणी, घर्तीगाउँ, थवाङदेखि रूकुमका महत र भूमे गाउँसम्मका किसान व्यावसायिक कृषिमा होमिएका छन् । स्थानीय सहकारीहरूले किसानको उत्पादन खेतबाटै उठाएर बजारसम्म पुऱ्याउने व्यवस्था मिलाएका छन्, जसले गर्दा बिचौलियाको अन्त्य भएको छ । रोल्पा र रूकुमका ग्रामीण बस्तीहरूमा अहिले नगद (क्यास) भन्दा डिजिटल कारोबार (क्युआर कोड र वालेट) को प्रयोग ह्वात्तै बढेको छ ।

# ठूला आयोजनाले अझै लिएनन गति

❑ नेस संवाददाता

काठमाडौं – राष्ट्रिय गौरवका आयोजनाहरूका लागि सरकारले सबै खालका स्रोतसाधन उपलब्ध गराउँदै आएको छ । यस्ता आयोजनाहरूको कार्यान्वयन सुनिश्चित गर्न आवश्यक स्रोतसाधनको व्यवस्थापन गरिएको भएपनि राष्ट्रिय गौरवका आयोजनाको प्रगति भने सन्तोषजनक छैन ।

२४ वटा राष्ट्रिय गौरवका आयोजना मध्ये उत्तरदक्षिण करिडोर, गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, पोखरा अन्तर्राष्ट्रिय विमानस्थल बाहेक २० ओटा आयोजना समयमै सकिएका छैनन् । सोमबार संघीयता सवलीकरण तथा राष्ट्रिय सरोकार समितिमा राष्ट्रिय योजना आयोगका अधिकारीहरूले दिएको जानकारीअनुसार आर्थिक वर्ष २०८१/८२ मा आयोजनाको प्रगति सामान्य देखिएको छ ।

उक्त वर्ष सिक्टा सिंचाई आयोजनामा भौतिक प्रगति ९० दशमलव ६ प्रतिशत हुँदा वित्तीय ८९ दशमलव ३९ प्रतिशत भएको छ भने अर्को बबइ सिचाइ आयोजनामा भौतिक/वित्तीय प्रगति ९९ प्रतिशत भएको छ । त्यस्तै, रानी जमरा कुलरिया सिचाइ आयोजनामा भौतिक प्रगति ७० प्रतिशत हुँदा वित्तीय ६३ प्रतिशत भएको छ भने सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजना भौतिक प्रगति ८२ प्रतिशत भएको छ भने ७३ प्रतिशत वित्तीय प्रगति भएको छ । यस्तै महाकाली सिंचाई आयोजनामा भौतिक प्रगति ९४ प्रतिशत हुँदा ९३ प्रतिशत वित्तीय प्रगति भएको छ । भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनामा भौतिक प्रगति ९८ प्रतिशत हुँदा वित्तीय प्रगती ९५ प्रतिशत भएको छ । बुढीगण्डकी जलविद्युत आयोजनामा प्रगति कमजोर देखिएको छ । जसअनुसार १० मात्रै भौतिक प्रगति हुँदा वित्तीय प्रगति ७ प्रतिशतमा सिमित छ ।

CHA YONG HWA
मान्यताप्राप्त सार्वजनिक लेखा कार्यालय
व्यवसाय र जीवनका चुनौतीहरू समाधान गर्दै, उज्ज्वल भविष्य निर्माणमा सँगै हातेमालो गरौं ।

भिसा सम्बन्धी सेवा
• भिसा आवेदन तथा भिसासम्बन्धी समस्याको समाधान
कर सम्बन्धी सेवा
• कर्पोरेट कर रिटर्न • कर परामर्श • उपभोग्य कर फिर्ता
• कर कार्यालयसंग सम्बन्धित सम्पूर्ण काम
स्टार्टअप सहयोग
• कम्पनी स्थापना • वित्तीय परामर्श
• इजाजतपत्रको लागि आवेदन
LINE
CHA YONG HWA
मान्यता प्राप्त सार्वजनिक लेखापाल, सरकारी प्रक्रिया तथा कानूनी सल्लाह विशेषज्ञ
03-6206-1682
03-6206-1954
2-16-1 Shimbashi, Minato-ku, Tokyo
New Shimbashi Building 6 F-628
※ हाल नेपाली भाषामा सेवा उपलब्ध छैन । बुधबार र शुक्रबार अंग्रेजी भाषामा सेवा प्रदान गरिन्छ ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट सेवा
सस्तो टिकट, सहज हवाई यात्रा



बिशेष छुट सहित सस्तो र भरपर्दो हवाई टिकटको लागि हामीलाई सम्झिनु होला।
" 3 वटा टिकट खरिदमा ¥5,000 छुट!"
Contact Us: 090-8514-5544
(Viber, WhatsApp,Call OK)
EAS TRAVEL & TOUR
TOKYO TO OTA CITY HIGASHI KAMATA
1-1-20 HASHIMOTO BLd 302
Phone/Fax:- 03-6715-9292 /090-8514-5544 (Viber / Whatsapp)
www.easjapan.co.jp/travel
eastraveltour@gmail.com
credit card accept
JCB AMERICAN EXPRESS VISA mastercard
क्रेडिट कार्ड बाट पनि भुक्तानी गर्न सकिने।

BIPASNA NEPALI PASAL
Wholesale and Retail Fancy Shop

विवाह, ब्रतबन्ध जस्ता पार्टीहरूका लागि आवश्यक पर्ने साडी, कुर्था तथा गरगहना लगायतका नेपाली-इण्डियन सामान एकैठाउँमा उपलब्ध छ । तपाईंको अर्डर अनुसार डिजाइनमा कपडा तयार गरिनुका साथै हामीकहाँ कस्मेटिक तथा पूजाका सामग्री पनि उपलब्ध छ । बिपस्ना नेपाली पसललाई अवश्य सम्झनुहोला ।

Scan for location
070-3614-3359
03-5937-4484 | 070-8362-8092
〒169-0073 Tokyo, Shinjuku, Hyakunincho, 2-13-17 フラット・アイ103
FOLLOW US!

'सुपथ मूल्यमा भरपर्दो र छिटो सेवा'
जापानमा भिसा सम्बन्धि सम्पूर्ण कामका लागि सँधै हामीलाई सम्झनुहोला । साथै कम्पनी स्थापना गर्ने, कम्पनीमा कार्यरत स्टाफहरुको तलवी हिसाब गरिदिने, कम्पनीको ठेगाना तथा उद्देश्य परिवर्तन गर्ने, नामसारी गर्ने लगायतका कामहरु पनि गरिन्छ ।
सम्पर्क
おがわ事務所
(2 Min. Walk From JR Okubo Station North Exit)
Tel: 03-3368-6647 Fax: 03-3368-9966
Mobile: 090-2933-9001
1-18-4 Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073
軽減税率制度 (Reduced Tax Rate System) सुविधा उपलब्ध छ ।
We Accept Payment Through
JCB VISA MasterCard Diners Club WeChat UnionPay Rakuten KC Card 支付宝 PayPay
भिसा सम्बन्धि सम्पूर्ण कामका लागि
OGAWA JIMUSYO
Visit Our Website

# कोदो, मकै फल्ने बारीभरी लटरम्म सुन्तला



❑ नेस संवाददाता

काठमाडौं – पछिल्लो समयमा बसाइँसराले गाउँ रित्तिँदै छन् । गाउँमा भएकाहरू पनि सहर झर्ने मिति जुराउँदै छन् । किमबोटबाट बसाइँ सर्नेमध्येका लोकनाथ कँडेल एक हुन् । १३ वर्ष अगाडि सुविधा खोज्दै बागलुङ बजार झरेका उनी अहिले पनि प्रायः गाउँमै भेटिन्छन् । कँडेल गाउँमै भेटिनुको मुख्य कारण हो, सुन्तला । जिल्लामै अगुवा किसानका रूपमा परिचित कँडेलले बसाइँसरे पनि जग्गा जमिन र घर छोड्नु भएको छैन ।

किमबोट गाउँमा उनको ३ सय २० बोट सुन्तला छन् । यसमध्ये २ सय ५० बोटले फल दिइरहेका छन् । सुन्तलाको स्याहार सुसारका लागि उनी हरेक हप्ता गाउँ पुग्छन् । कँडेलले सुन्तला खेती गर्न थालेको साढे तीन दशक बढी भयो ।

विसं २०४७ मा ३५ हजार लगानी गरेर सुरू गरेको सुन्तलाखेती अहिले फस्टाएको छ । हरेक वर्ष आम्दानी बढ्दै गइरहेको छ । २०४७ सालमा कँडेलले सुन्तलाखेती सुरू गर्दा बागलुङ जिल्लामै सडक आएको थिएन । स्थानीय कासीराम कँडेलले बिहुँ क्षेत्रमा सुन्तला खेतीको सुरूआत गरेका थिए । उनीबाटै सिकेर उनले सुन्तला लगाएका हुन् । साठी वर्षीय कँडेलले १४ रोपनी क्षेत्रफलमा सुन्तलाखेती गर्दै आएका छन् ।

गाउँको माया र सुन्तला खेतीप्रतिको मोहले गर्दा बागलुङ छोडेर टाढा बसाइँ नसरेको कँडेल बताउँछन् । वरपरका छिमेकीले धमाधम गाउँ छोडेपछि आफूले पनि परिवार लिएर बागलुङ बजार आएको उनको भनाइ छ । अहिले लटरम्म सुन्तला फलेका बारीमा पहिले कोदो, मकै उत्पादन गरेर जीविकोपार्जन गरेको कँडेलले स्मरण गरे । मकै र कोदो उत्पादन गर्दा वर्षभरी खान नपुग्ने जनाउँदै अहिले सुन्तलाले जीवनस्तरनै परिवर्तन भएको कँडेल बताउँछन् । सुन्तला खेतीबाट छोराहरू पढाएको सुनाउँदै अहिले सबै जापान, अमेरिका र पोर्चुगल रहेको उनको भनाइ छ ।

# बाँझो जमिनमा सुन फलाउँदै पात्मा

❑ नेस संवाददाता

काठमाडौं – मुगुको मुगुम कार्मारोङ गाउँपालिका–७ मह गाउँका ४४ वर्षीय पात्मा नाम्म्याल तामाङले बाँझो जग्गामा जडीबुटी (अतिस) खेती गरेर लाखौं रूपैयाँ आम्दानी गर्न सफल भएका छन् । २०६९ सालमा घरबाट टाढा रहेको 'रहुला' क्षेत्रको ८ रोपनी बाँझो जमिनमा १ लाख ५० हजार लगानी गरी सुरू गरिएको उनको व्यवसाय अहिले जिल्लाकै नमुना बनेको छ ।

पात्माको 'पासाङ जडीबुटी नर्सरी उद्योग' मा अहिले ६ लाखभन्दा बढी अतिसका बिरूवा हुर्किएका छन् । प्रतिबिरूवा १० रूपैयाँका दरले बिक्री गर्दा पनि यस वर्ष बिरूवाबाट मात्रै २० लाख रूपैयाँ आम्दानी गर्ने उनको लक्ष्य छ । यस्तै, ५० माना बिउ बेचेर ५ लाख र आगामी वर्ष ४० क्विन्टल जरा बिक्रीबाट २४ लाख रूपैयाँभन्दा बढी कमाइ हुने उनले बताए । जडीबुटी खेतीमा देखिएको यो व्यावसायिक सफलताले युवा पलायन रोक्न समेत मद्दत पुऱ्याएको छ । कृषि अध्ययन सकेर विदेश जाने तयारीमा रहेका पात्माका २४ वर्षीय छोरा पासाङ छिरिङ तामाङ राहदानी (पासपोर्ट) थन्क्याएर बुबासँगै व्यवसायमा होमिएका छन । 'विदेशको दुःखभन्दा गाउँकै माटोमा सुन फलाउन सकिन्छ भन्ने बुबाको संघर्षले मलाई यहीँ रोक्यो,' पासाङले भने । अतिस खेतीको सफलतापछि पात्माले वनलसुन, खिरउला, सुगन्धवाल, जटामसी र वन जिरा जस्ता उच्च हिमाली जडीबुटीको समेत परीक्षण खेती सुरू गरेका छन् । जिल्ला वन उपभोक्ता महासंघ मुगुका अध्यक्ष मेलबहादुर शाहीका अनुसार, पात्माको यो उद्यम जिल्लाका लागि प्रेरणाको स्रोत बनेको छ । प्रविधिको अभाव र सिँचाइको समस्याका बाबजुद परम्परागत सीपको प्रयोग गर्दै उनले स्थानीय ६–७ जनालाई नियमित रोजगारी समेत दिँदै आएका छन् ।

# विश्वकप क्रिकेटका लागि खेलाडी छनोट



❑ नेस संवाददाता

काठमाडौं – आगामी फेब्रुअरी ७ देखि मार्च ८ तारिखसम्म भारत र श्रीलंकामा संयुक्त रूपमा आयोजना हुने आईसीसी टी–२० विश्वकप क्रिकेट २०२६ का लागि नेपाली क्रिकेट टोलीको प्रारम्भिक चरणमा २४ खेलाडी छनोट भएका छन् । सोमबारदेखि सुरू प्रशिक्षण क्याम्पका लागि २४ जना खेलाडी छनोट गरिएको नेपाल क्रिकेट संघ (क्यान) ले जनाएको छ ।

छनोट हुने खेलाडीमा रोहित पौडेल, कुशल भुर्तेल, सन्दीप जोरा, दीपेन्द्र सिंह ऐरी, नन्दन यादव, सन्दीप लामिछाने र आरिफ सेख छन् । यसैगरी आदिल अन्सारी, शेर मल्ल, भीम सार्की, विनोद भण्डारी, अविनाश बोहरा, आसिफ सेख, कुशल मल्ल, गुलशन झा, सोमपाल कामी, ललित राजवंशी, लोकेश बम, करण केसी, साहब आलम, इशान पाण्डे, बसिर अहमद, प्रतिस जीसी र रूपेशकुमार सिंह पनि छनोटमा परेका छन् ।

# ५१ औं दिन मनाउँदासम्म "परान" ले कमायो १८ करोड

❑ नेस संवाददाता

काठमाडौं – फिल्म 'परान'ले प्रदर्शनको ५१ औं दिन पूरा गरेको छ । अहिलेसम्म फिल्मले १८ करोड कमाएको बताईएको छ । फिल्मको यस किसिमको सफलता मनाउन निर्माण टोली बुढानिलकण्ठस्थित पवित्र समाजसेवा नेपाल आश्रममा पुगको थियो ।

त्यहाँका ६५ अनाथ तथा वृद्धवृद्धाका लागि उनीहरूले कपडा वितरण गरेका छन् । दीपकप्रसाद आचार्य निर्देशित यो फिल्म अझै ३० पर्दामा देखाइँदैछन् । फिल्ममा कलाकारहरू नीर शाह, मदनकृष्ण श्रेष्ठ, पूजा चन्द, केकी अधिकारी, अञ्जना बराइली, महेश त्रिपाठी, प्रविण खतिवडा, बुद्धि तामाङ लगायतको अभिनय छ । यो फिल्म बाइस्कोप सिनेमाको ब्यानरमा निर्माण भएको हो ।

















# अबको निकास ...

पृष्ठ १ को बाँकी

विज्ञहरू अलि बढी 'प्राविधिक' भए । उनीहरूले तथ्याङ्कमा अर्थतन्त्र त बुझे तर नेपालको माटो र सामाजिक परिवेशलाई समेट्न सकेनन् । अर्कोतर्फ, जतिसुकै राम्रो नीति बनाए पनि त्यसलाई कार्यान्वयन गर्ने चाबी राजनीतिक नेतृत्वको हातमा हुन्छ । राजनीतिक नेतृत्वले विज्ञको सल्लाहलाई आफ्नो स्वार्थ अनुकूल मात्र प्रयोग गर्ने वा सुन्दै नसुन्ने प्रवृत्ति देखियो ।

**उसो भए राजनीतिक हस्तक्षेपले काम गर्न नसकेको हो ?**

यसमा दुवै पक्ष जिम्मेवार देखिन्छन् । पहिलो कुरा, राष्ट्रिय योजना आयोगजस्तो 'थिति' बसाल्नुपर्ने निकाय आफैमा अस्थिर छ । जसरी सरकार बन्छ र ढल्छ, त्यसैगरी योजना आयोगका पदाधिकारीहरू पनि फेरिन्छन् । यो निकाय देशको दीर्घकालीन भविष्य कोर्ने थलो भन्दा पनि प्रधानमन्त्री र मन्त्रीका कार्यकर्तालाई 'जागिर खुवाउने' भर्तीकेन्द्र जस्तो मात्र भयो । जसले गर्दा नीतिगत निरन्तरता हुन सकेन । दोस्रो कुरा, त्यहाँ पुग्ने विज्ञहरूको दृष्टिकोणमा पनि समस्या छ । हाम्रा विज्ञहरू समस्यालाई समाजशास्त्रीय आँखाले होइन, विशुद्ध 'प्राविधिक' आँखाले मात्र हेर्छन् । उनीहरूको विज्ञता राजस्व, ब्याजदर र विदेशी मुद्राको तथ्याङ्कमा सीमित भयो, तर नेपाली समाजको भुइँतहको वास्तविकता र माटोको सुगन्धलाई उनीहरूले आफ्नो नीतिमा समेट्न सकेनन् । परिणामस्वरूप, कागजी रूपमा राम्रा योजना बने पनि कार्यान्वयनमा सधैं असफल भइरह्यो ।

**अहिले सहकारी क्षेत्रमा देखिएको संकटले लाखौं सर्वसाधारणको अर्बौं रुपैयाँ डुबेको छ । गाउँ-गाउँसम्म पुगेको भनिएको सहकारी अभियान कसरी एक्कासि 'ठगी' को धन्दामा परिणत भयो ?**

यो आजको भोलि भएको दुर्घटना होइन, यो त २०४६ सालपछि हामीले अपनाएको अनियन्त्रित आर्थिक उदारीकरणको दुष्परिणाम हो । हामीले खुला बजार अर्थतन्त्रको नाममा राज्यका नियमनकारी निकायहरूलाई कमजोर बनायौं । सहकारीलाई छाडा छोडिदियौं । सहकारीको मूल मर्म 'सदस्यहरूबीचको सहकार्य' हुनुपर्नेमा, उनीहरूले बैंकले जस्तै निक्षेप संकलन गर्ने र घरजग्गा जस्ता अनुत्पादक क्षेत्रमा अन्धाधुन्ध लगानी गर्ने काम गरे । राज्यले 'लिबरलाइजेसन' को नाममा बेलगाम छोडिदिँदा केही टाठाबाठाहरूले यसलाई ठगी खाने भाँडो बनाए । अहिलेको यो संकट भनेको राज्यको फितलो नियमन र गलत आर्थिक नीतिको उपज हो, जसको मारमा निमुखा जनता परेका छन् ।

**देशको आर्थिक अवस्था निकै जर्जर छ भन्ने सुनिन्छ । हामी यहाँसम्म कसरी आइपुग्यौं ?**

२०४६ सालको परिवर्तनपछि हामीले 'उदारीकरण' को नाममा राज्यका संयन्त्रहरूलाई बेलगाम छोडिदियौं । त्यसकै दुष्परिणाम आज हामी भोग्दैछौं । सहकारी क्षेत्रलाई हेर्नुस्, राज्यको कुनै प्रभावकारी नियमन भएन । बैंक सरहको कारोबार गर्न दिइयो तर बैंकलाई जस्तो कडाइ गरिएन । जसको नतिजा आज लाखौं सर्वसाधारणको अर्बौं रकम डुबेको छ । अहिले कालो धन सेतो बनाउने खेल चलिरहेको छ । देशको ऋण २७ खर्ब नाघिसक्यो । उत्पादन र निर्यात ठप्पप्राय: छ । हामीले गर्व गर्ने विदेशी मुद्राको सञ्चिति सरकारको कुनै नीतिगत सफलता होइन, यो त विदेशमा रगत-पसिना बगाउने युवाहरूले पठाएको रेमिट्यान्स र देशमा आयात घट्दा देखिएको बचत मात्र हो । जबसम्म स्वदेशमा उत्पादन बढ्दैन, रोजगारी सिर्जना हुँदैन र पुँजीगत खर्च गर्ने क्षमता बढ्दैन, तबसम्म अर्थतन्त्रको दिगो सुधार सम्भव छैन । अहिलेको अर्थतन्त्र 'ग्रे-लिस्ट' (Grey List) को उच्च जोखिममा हुनु भनेको हाम्रो अन्तर ाष्ट्रिय साख गिर्नु हो, जसले वैदेशिक लगानी र सहायतामा ठूलो असर पार्न सक्छ ।

**नेपालमा काँग्रेस र कम्युनिस्ट भनेर दुई ठूला कित्ता छन् । तर व्यवहारमा हेर्दा यी दुई शक्तिबीच कुनै तात्विक भिन्नता देखिँदैन । उनीहरू मिलेर चुनाव लड्छन्, आलोपालो सरकार चलाउँछन् । यो कस्तो राजनीतिक संस्कार हो ?**

सैद्धान्तिक रूपमा हेर्दा तपाइँले भन्नुभएको कुरा एकदमै सही हो । अहिले नेपालमा 'लेफ्टिस्ट' (वामपन्थी) र 'राइटिस्ट' (दक्षिणपन्थी) भन्नु केवल देखावटी कुरा मात्र भएको छ । वामपन्थीहरूले समाजवाद वा साम्यवादको बाटो छोडिसकेका छन् भने प्रजातन्त्रवादी भनिनेहरूले पनि आफ्नो आदर्श बिर्सेका छन् । २०४६ सालपछि अपनाइएको उदारीकरणको नीतिमा दुवै शक्तिले अन्धाधुन्ध समर्थन गरे । शिक्षा, स्वास्थ्य र सहकारीजस्ता संवेदनशील क्षेत्रलाई राज्यको दायित्वबाट पन्छाएर निजीकरणको जिम्मा लगाइयो । कम्युनिस्ट पार्टीहरू पनि सत्तामा पुगेपछि उही पुँजीवादी चरित्रमा रम्न थाले । अहिलेको गठबन्धन सँस्कृति हेर्नुस् त, को वामपन्थी को प्रजातान्त्रिक छुट्याउनै सकिँदैन । यो केवल सत्ता प्राप्तिको लागि गरिएको 'नेटवर्किङ' र भागबन्डाको राजनीति मात्र हो । जनतालाई 'नेटवर्किङ' मार्फत कन्भिन्स गर्ने र भोट लिने बाहेक दलहरूसँग कुनै ठोस सैद्धान्तिक अडान बाँकी छैन ।

**अहिलेको सरकार गठन र यसको कार्यशैलीलाई कसरी हेर्नुभएको छ ? प्रधानमन्त्री र मन्त्रीहरूले संविधानको धारा टेकेरै सरकार बनाए पनि जनस्तरबाट यसको वैधतामाथि प्रश्न उठिरहेको छ नि ?**

यो एउटा विरोधाभासपूर्ण स्थिति हो । संविधानको धारा र उपधारा प्रयोग गरेर सरकार बनेको हुनाले यसलाई 'संवैधानिक' त भन्नुपर्ला, तर यसले संविधानको 'मर्म' लाई कति आत्मसाथ गरेको छ भन्ने मुख्य प्रश्न हो । ठूला दलहरूले संविधानलाई आफ्नो सत्ता स्वार्थको भऱ्याङ मात्र बनाएका छन् । सुशासनको कुरा गर्ने हो भने हिजो जसरी राज्य सञ्चालन भइरहेको थियो, आज पनि प्रवृत्ति उही छ । जनताले अनुभूत गर्ने गरी कुनै तात्विक परिवर्तन भएको छैन । यो केवल संवैधानिक आवरणमा गरिएको पुरानै राजनीतिक खेलको निरन्तरता जस्तो मात्र देखिन्छ ।

**'जेनजी' वा नयाँ पुस्तामा ठूलो आक्रोश र वितृष्णा देखिन्छ । सडकमा विद्रोहको आवाज पनि उठ्न थालेको छ । अबको निकास के त ?**

म अर्को हिंसात्मक विद्रोह वा सडक संघर्षको पक्षमा छैन । हामीले विगतमा १० वर्षे सशस्त्र द्वन्द्व र विभिन्न आन्दोलनहरू भोगेका छौं । हजारौंको ज्यान गयो, अर्बौंको भौतिक संरचना ध्वस्त भयो । फेरि देशलाई त्यही द्वन्द्वको भुमरीमा फसाउनु बुद्धिमानी हुँदैन । नयाँ पुस्ताको आक्रोश जायज छ, किनकि उनीहरूले देशमा भविष्य देखिरहेका छैनन् । तर यसको लोकतान्त्रिक र वैज्ञानिक समाधान भनेको 'निर्वाचन' नै हो । तर परम्परागत शैलीको, मासु-भात र रक्सीमा बिक्ने निर्वाचन होइन । अबको निर्वाचनमा जनताले दलको झण्डा र नेताको अनुहार हेरेर होइन, उम्मेदवारको 'एजेण्डा', 'क्षमता' र 'भिजन' हेरेर मत दिनुपर्छ । संविधानमा देखिएका त्रुटिहरू सच्याउन, निर्वाचन प्रणाली सुधार गर्न र शासकीय स्वरूपमा परिवर्तन ल्याउन संसदमा बलियो बहुमत वा 'दुई-तिहाइ' चाहिन्छ । त्यो जनमत कुनै एउटा पार्टीले प्राप्त गर्न नसक्ला, तर समान एजेन्डा भएका शक्तिहरू वा विवेकशील जनप्रतिनिधिहरू मिलेर संविधान संशोधनमार्फत निकास निकाल्नु नै उत्तम विकल्प हो । अबको ५ वर्षमा देशलाई आर्थिक रूपमा कहाँ पुऱ्याउने ? कति रोजगारी सिर्जना गर्ने ? भन्ने स्पष्ट खाकासहित जनतामा जाने दल वा शक्तिलाई मात्र जनताले पत्याउनुपर्छ ।

**अन्त्यमा, निराशाको यो माहोलमा आशाको किरण कतै देख्नुहुन्छ ?**

आशा त सधैं राख्नुपर्छ । जबसम्म समस्याको जड पहिचान हुँदैन, तबसम्म समाधान निस्किँदैन । अहिले कम्तीमा पनि हामीले समस्या के हो भनेर बुझिसकेका छौं । हाम्रो समस्या व्यक्तिमा होइन, प्रवृत्ति र प्रणालीमा रहेछ भन्ने चेत खुलेको छ । यदि राजनीतिक दलहरूले विगतका गल्तीबाट पाठ सिकेर सच्चिने हो भने, र जनताले पनि अबको निर्वाचनमा विवेक प्रयोग गरेर सही नेतृत्व चुन्ने हो भने नेपाल बन्न समय लाग्दैन । तर, 'हिजो नसुध्रिएकाहरू आज सुध्रेलान र ?' भन्ने प्रश्न भने कायमै छ । यसको जवाफ दलहरूको आगामी व्यवहारले नै दिनेछ ।

# आप्रवासीलाई ...

पृष्ठ १ को बाँकी

यति मात्र होइन, पीआर होल्डरहरूले कर र सामाजिक सुरक्षा (पेन्सन/बिमा) को दायित्व जानाजान पूरा नगरेको पाइएमा उनीहरूको स्थायी बसोबास अनुमति खारेज गर्न सकिने कडा कानूनी व्यवस्था पनि गरिँदै छ । 'आत्मनिर्भर जीवनयापन' को प्रमाणका लागि आवश्यक न्यूनतम आय (स्यालरी) को सीमा पनि बढाइने भएको छ । हाल १० वर्ष जापान बसेको र आर्थिक हैसियत बलियो भएको आधारमा पीआर दिइँदै आएकोमा अब भाषा र सरकारी दायित्वको पालनालाई प्रमुख आधार बनाइनेछ ।

जापानी नागरिकता लिने नियममा देखिएको विरोधाभासलाई पनि सरकारले सच्याउने भएको छ । हाल ५ वर्ष जापान बसेपछि नागरिकताका लागि आवेदन दिन पाइने तर पीआरका लागि १० वर्ष कुर्नुपर्ने अवस्था थियो । यो व्यवस्थालाई संशोधन गर्दै अब जापानी नागरिकता लिनका लागि पनि न्यूनतम बसोबास अवधि १० वर्ष पुऱ्याइने तयारी छ । यसले पीआर र नागरिकता दुवैका लागि मापदण्ड समान र कडा बनाउने सरकारको रणनीति प्रस्ट पार्छ ।

जापान सरकारले विदेशी नागरिकहरूले सार्वजनिक दायित्व पूरा गरे/नगरेको जाँच्न 'डिजिटल एजेन्सी' मार्फत अध्यागमन विभाग र नगरपालिकाहरूबीच सूचना आदान-प्रदान गर्ने संयन्त्र बनाउँदै छ । सन् २०२६ देखि सुरु हुने यो प्रणालीले कर, पेन्सन वा स्वास्थ्य बिमा नतिर्नेहरूको विवरण अध्यागमनलाई तत्काल उपलब्ध गराउनेछ ।

विशेष गरी, ३ महिनाभन्दा बढी बस्ने विदेशीले राष्ट्रिय स्वास्थ्य बिमाको प्रिमियम नतिरेमा भिसा नवीकरण रोक्ने तयारी छ । तथ्याङ्क अनुसार जापानीहरूको बिमा भुक्तानी दर ९३ प्रतिशत हुँदा विदेशीहरूको मात्र ६३ प्रतिशत रहेपछि सरकार कठोर बनेको हो । साथै, जापान छाड्दा १० हजार येन (करिब ६५ डलर) भन्दा बढी उपचार खर्च तिर्न बाँकी रहेका विदेशीलाई पुन: प्रवेशमा रोक लगाइनेछ । यसअघि यो सीमा २ लाख येन थियो ।

राष्ट्रिय सुरक्षालाई दृष्टिगत गर्दै घरजग्गा खरिदमा पनि नयाँ नियम लागू गरिँदै छ । आगामी अप्रिल वा त्यसपछि लागू हुने नियम अनुसार, विदेशी नागरिक वा कम्पनीले जापानमा घरजग्गा खरिद गर्दा वा स्वामित्व दर्ता गर्दा अनिवार्य रूपमा आफ्नो राष्ट्रियता खुलाउनुपर्नेछ । यसअघि लगानीका लागि किनिने सम्पत्तिको मात्र विवरण बुझाउनुपर्नेमा अब आवासीय प्रयोजनका घरजग्गाको पनि विवरण सरकारलाई बुझाउनुपर्नेछ । विशेष गरी 'सेल्फ-डिफेन्स फोर्स' (जापानी सेना) का बेस क्याम्पहरू नजिकका जग्गा खरिदमा उच्च निगरानी राखिनेछ ।

स्रोतका अनुसार सरकारले 'इन्जिनियर-मानविकी विशेषज्ञ तथा अन्तर्राष्ट्रिय सेवा' भिसामा रहेका करिब ४ लाख ५० हजार विदेशीमाथि पनि निगरानी बढाउने भएको छ । प्राविधिक कामका लागि भिसा लिएर अदक्ष काम गर्ने प्रवृत्ति बढेको भन्दै रोजगारदाता र कामदार दुवैमाथि कडाइ गरिने भएको छ ।






# टोकियोमा सज्जनराज वैद्यको लाइभ कन्सर्ट हुँदै



❑ नेस डेस्क

टोकियो – पछिल्लो समयका अत्यधिक लोकप्रिय साँगीतिक ब्याण्ड 'सज्जनराज वैद्य' को पहिलोचोटी जापानमा लाइभ कन्सर्ट हुने भएको छ । आगामी २०२६ को मार्च १० तारिखका दिन सज्जनराज वैद्यको लाइभ कन्सर्ट टोकियो हाराजुकु स्टेशनबाट मात्र ३ मिनेटको दुरीमा रहेको योयोगी नेशनल स्टेडियममा हुने भएको हो । करिव ५ हजार सिट क्षमता भएको उक्त नेशनल स्टेडियममा पहिलोचोटी नेपालीहरूको कार्यक्रम हुन लागेको हो ।

जिएमटी इन्टरनेशनलको मुल ब्यानरमा हुन लागेको उक्त लाइभ कन्सर्टका लागि नेपालबाट दर्जनभन्दा बढि कलाकारहरू जापान आउने भएका छन् । राजधानी टोकियोबाहेक नागोया, फुकुओका र ओसाका सहरमा पनि उक्त ब्याण्डको लाइभ कन्सर्ट हुने तैयारी भईरहेको बुझिएको छ ।

सज्जनराज वैद्य ब्याण्डको लाइभ कन्सर्ट यसअघि बेलायत, अमेरिका, क्यानडा, अष्ट्रेलियाका विभिन्न सहरहरूमा दर्जनौपटक र मध्यपूर्वका दुबाई, दोहा, भारतका मुम्वई, दिल्ली लगायतका सहरमा पचासौं हजार दर्शकहरूका माझ भईसकेको भएता पनि जापानमा भने पहिलोचोटी हुन लागेको हो । जापानमा रहेका सज्जनका बिग फ्यान तथा दर्शकहरूको चर्को मागलाई ध्यानमा राख्दै विगत केही वर्षदेखिको अनवरत प्रयासपछि जापानमा उनको कन्सर्ट सुनिश्चित भएको बताइएको छ ।

आगामी २०२६ मार्च १० तारिखका दिन हुने लाइभ कन्सर्टको टिकट अंग्रेजी नयाँ वर्ष लागेसंगै अनलाइनमार्फत विक्रिमा राखिने आयोजक स्रोतले जनाएको छ । सज्जनराज वैद्यको टोकियोमा लाइभ कन्सर्ट हुने खबर सार्बजनिक भएसंगै दक्षिण कोरियाबाट समेत उनका दर्जनौ फ्यानहरू कन्सर्ट हेर्नका लागि टोकियो आउने भएका छन् । जापानको साँगीतिक स्टेज कार्यक्रमको इतिहासमा टोकियोमा हुन लागेको सज्जनको उक्त कन्सर्टले नयाँ रेकर्ड कायम गर्ने आयोजकको दाबी छ ।

नेपाल-जापान सम्बन्धको ७० औं वर्षगाँठका अवसरमा दुईदेशबीचका साँगीतिक आयाम, अभ्यास र अनुभवहरूको आदान-प्रदान गर्दै साँगीतिक माध्यमबाट दुईदेशबीचको सम्बन्धलाई जनस्तरसम्म विकास गर्ने कन्सर्टको उद्देश्य रहेको छ भने कन्सर्टबाट हुने आम्दानीको केही अंश नेपालको जेन्जी आन्दोलनमा परी घाइते, अपाङ्ग तथा अशक्त भएकाहरूको स्वास्थ्योपचारमा सहयोग गरिने आयोजक स्रोतले जनाएको छ ।

सज्जनराज वैद्य नेपालका एक चर्चित गायक, गीतकार, संगीतकार, गितारवादक र प्रोड्युसर हुन् । उनी आधुनिक नेपाली संगीतका अग्रपंक्तिमा रहेका कलाकारहरू मध्येका एक हुन्, जसले आफ्नो विशिष्ट शैली र भावनात्मक गीतका कारण ठूलो पहिचान बनाएका छन् । उनी १० सेप्टेम्बर १९९३ मा काठमाडौंमा जन्मिएका हुन् । संगीतप्रतिको उनको मोह परिवारबाटै सुरू भएको थियो । आमा-बुबाले नै उनलाई संगीत सिक्न र सुन्न प्रेरित गरेका थिए । सज्जनले आफ्नो आधिकारिक संगीतिक यात्रा सन् २०१४ मा 'आज मात्र' गीतबाट सुरू गरेका थिए, तर उनलाई 'हवाइजहाज' (२०१६) ले नै साँगीतिक बजारको मुलधारमा चिनिनेगरी उभ्यायो । यस्तै 'चिठीभित्र' 'हतारिदैं' 'बतासिदै' 'मुस्कान' 'सस्तो मुटु' 'पहार' 'लुकामारी' जस्ता गीतहरूले नेपाली संगीत प्रेमीहरूमाझ उनलाई अत्यन्तै लोकप्रिय बनायो । उनको संगीतमा समकालीन इन्डी-पप तथा पश्चिमी शैलीको मिश्रण पाईन्छ । जसले अन्तर्राष्ट्रिय संगीत प्रेमीहरूलाई पनि आकर्षित गर्दै आईरहेको छ । सज्जन आफ्ना गीतहरूमा भावनात्मक गहिराइ, सरल तर प्रभावशाली लय-संगीत र सुन्दर शब्दहरू प्रयोग गर्दछन्, जसले गर्दा दर्शक-श्रोतासँग उनको सम्बन्ध कसिलो बन्दै गएको बताईन्छ । उनी हाल अमेरिकाको न्युयोर्क सिटीमा बस्दै आएका छन् र विश्वभरका संगीत प्रेमीहरूका लागि नयाँ-नयाँ गीतहरू ल्याइरहेका छन् । सज्जनराज वैद्य नेपाली संगीतलाई नयाँ शैलीमा ढालेर थप उचाई भर्दै आएका कलाकारको रूपमा पनि चिनिन्छन् । जसले भावनात्मक गहिराइ, साँस्कृतिक मिश्रण र सामाजिक बहसहरूलाई आफ्नो संगीतमार्फत उजागर गर्दै आईरहेका छन् ।




Published by: GMT International Co. Ltd., 2-14-4 Hyakunincho, Shinjuku, Tokyo 169-0073, Tel/Fax: 03-5937-5314, Mobile: 080-4150-5314 (Viber Ok)
www.gmt-intl.com, www.samudrapari.com, Email: newspaper@gmt-intl.com, Editor in Chief: Tilak Malla, Designed By: Sagar Khadka